<u>बैठक संख्या - ३(तिन)</u>

<u>मिति २०८२/६/८ को नगर कार्यपालिका बैठकको निर्णयहरुः-</u>

**निर्णय नं.- १(एक)**

मिति २०८२ साल भाद्र २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरु र नगरपालिकाको स्वामित्वमा रहेको भौतिक संरचना सहितको सडकको बल्ब तथा विभिन्न लाइटहरु र स्ट्रिट (रोप) लाइटहरुमा भएको तोडफोड तथा आगलागीका कारण नगरपालिकाको जिन्सी तथा सम्पत्तिमा लगभग रु. २४,३८,७००/०० (अक्षेरुपी चौविस लाख अठतिस हजार सात सय) रकम बराबरको भौतिक तथा जिन्सी सम्पत्तिमा क्षति भएको हुँदा सोको विवरण यस कार्यपालिका बैठकलाइ जानकारी भयो ।

**निर्णय नं.- २(दुई)**

सिद्धार्थनगर नगरपालिकामा सञ्चालनमा रहेको URLIP अन्तर्गत निर्माण हुने सडकहरुको लागी क्षेत्रीय सहरी विकास आयोजना अन्तर्गतको परामर्शदाता Dohwa Engineering Co. Ltd. in association with ERMC (P.) Ltd. (Environment and Resource Management Consultant) Nepal, SILT Consultants Pvt. Ltd. And Digicon Engineering Consultant Pvt. LTd. बाट डिपिआर निर्माण भइ मिति २०८०/०९/०८ मा नगर कार्यपालिकाबाट स्वीकृत भएको डिपिआर बमोजिम मिति २०८०/११/२३ मा अन्तराष्ट्रिय बोलपत्रको माध्यमबाट ठेक्का भई ठेक्का कबोल गर्ने निर्माण व्यवसायी र नगरपालिका बिच सम्झौता भएअनुसार कार्य गर्ने गरी कायदिश समेत भएको हुँदा स्वीकृत भएको डिपिआर बमोजिम देहाय अनुसारको सडकहरुको क्षेत्राधिकार निर्धारण भएको हुँदा अनुमोदन गर्ने निर्णय गरियो ।

<u>देहायः</u>

| SN | Road Name | Length (m) | ROW (m), भवन तथा योजना मापदण्ड २०७२ बमोजिम | Set Back to acquire from both sides(m) as per drawings | Total Proposed Road Width to construct(m) |
|---|---|---|---|---|---|
| 1 | Simapath Sakunipath Urban Road (Ward No. 1) | 0+827.14 | 6 | 2 | 8 |
| 2 | Sakunipath To Danda Khola Urban Road (Ward No. 1) | 0+724.18 | 6 | 2 | 8 |
| 3 | Bimaanghat To North (Ward No. 4) | 0+885.00 | 15 | 3 | 18 |
| 4 | Rahim Path 1 (Ward No. 6) | 0+171.44 | 6 | 1 | 7 |
| 5 | Rahim Path-2 (Ward No. 6) | 0+168.08 | 6 | 1 | 7 |
| 6 | Bhimkaali Path (Ward No. 12) | 0+516.78 | 10 | 0 | 8.5 & 9 |
| 7 | East of Gallamandi to Durga Colony Road (Ward No. 6) | 0+566.94 | 6 | 1 | 7 |
| 8 | Udhyog_Puri_Road (Buddha Colony) (Ward No. 4) | 0+724.60 | 6 | 3 | 9 |
| 9 | Radhakrishna, annapurna path all linked roads (Ward No. 1) | 1+397.86 | 6 | 1 | 7 |

| | | | | | |
|---|---|---|---|---|---|
| 10 | Benipur_east_south_boarder_road (Ward No. 1) | 1+024.40 | 6 | 2 | 8 |
| 11 | KishorPur to Airport Road (Ward No. 6) | 0+430.00 | 6 | 3 | 9 |
| 12 | Darkhasuwa_west_siddhartha_yatayat (Ward No. 3) | 2+116.33 | 6 | 1 & 2 | 7 & 8 |
| 13 | Siddhartha Colony/Manmohan Path (Ward No. 3) | 1+659.27 | 6 | 1 | 7 |
| 14 | SugarMill_link Road (Ward No. 4) | 3+482.53 | as per cadastral map | remaining width to fulfill proposed road width | 10.5 |
| 15 | Mayadevi Colony (Ward No. 4) | 0+882.29 | 6 | 1 | 7 |
| 16 | Durga Colony all linked roads to Nirwana Hotel (Ward No. 6) | 1+074.52 | 6 | 1 | 7 |
| 17 | Ward no 2 - Ward no 4 connecting road (Ward No. 2) | 1+264.29 | 12 | 0 | 12 |
| 18 | Trisuli Path-Deurali Path-Saprishi path1 (Ward No. 7) | 0+606.53 | 6 | 0 | 6 |
| 19 | Uchami Path to South (Way to dhurva adhikari (Ward No. 8) | 0+583.07 | 6 | 1 | 7 |
| 20 | Abhay, Durga Path (Ward No. 8) | 0+357.38 | 6 | 0 | 6 |
| 21 | Dumdumuwa road to gonahiya road (Ward No. 9) | 1+145.70 | 6 | 1 & 2 | 7 & 8 |
| 22 | Doghari Gaau east chowk to Sahari Bikash Sadak (Ward No. 10 and 11) | 1+218.33 | 10 | 0 | 10 |
| 23 | Suvarna Path (Ward No. 12) | 0+274.08 | 6 | 0 | 6 |
| 24 | Bhimkaali path-Janta path Branch Roads (North Side) (Ward No. 12) | 0+649.07 | 6 | 1 | 7 |
| 25 | Other roads (Ward No. 12) | 0+544.96 | 6 | 0 | 6 |
| 26 | Lacoul Path (Ward No. 13) | 0+321.13 | 6 | 0 | 6 |
| | **Total** | **23+615.87** | | | |

**निर्णय नं. - ३ (तिन) विविधः**

१. सिद्धार्थनगर नगरपालिकाको मिति २०७७/१२/१० मा स्वीकृत भएको इन्धनको मापदण्ड २०७७ (प्रथम संशोधन) बमोजिम इन्धन पाउने कर्मचारीहरुलाई सोही मापदण्डका आधारमा हुन आउने बराबरको (प्रति महिना) रकम तथा फोहोरमैला व्यवस्थापनमा खटिने नाइकेहरुलाई प्रति महिना १० लिटरका दरले हुन आउने रकम उपलब्ध गराउने निर्णय गरियो ।

२. नेपाल सरकार, अर्थ मन्त्रालयबाट मिति २०८२/०६/०७ मा जारी भएको प्रेस विज्ञप्ती कार्यपालिका बैठकलाइ जानकारी भयो । सो प्रेस विज्ञप्ती सबै वडा कार्यालयहरुलाई उपलब्ध गराउने र स्थानीय तहका लागी जारी भएको निर्देशन पालना गर्ने गराउने निर्णय गरियो ।

३. सिद्धार्थनगर नगरपालिकामा कार्यरत सेवाः प्रशासन, पदः अधिकृत, छैठौं तहमा कार्यरत रेखा तुलाधरले आफ्नो शारीरिक अशक्तताको कारण देखाइ मिति २०८२/०६/१९ गते देखि लागु हुने गरी मिति २०८२/०६/०२ मा पेश गर्नु भएको राजीनामा कार्यपालिका बैठक समक्ष पेश हुँदा स्थानीय निजामती सेवा नियमावली २०८१ को नियम १३२ को उपनियम ३(क) बमोजिम मिति २०८२/०६/१९ गते देखि लागु हुने गरी निज रेखा तुलाधरको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।

४. सिद्धार्थनगर नगरपालिकाको गत आर्थिक बर्ष २०८१/०८२ मा दायित्व सिर्जना भइ भुक्तानी हुन बाँकी रहेका देहाय बमोजिमका फर्महरुको रकम चालु आर्थिक बर्ष २०८२/०८३ मा भुक्तानी गर्ने निर्णय गरियो ।

देहायः

| क्र.सं. | आपुर्तिकर्ता/ठेकेदार | भुक्तानी हुन बाँकी रकम रु. | जिम्मेवार शाखा |
|---|---|---|---|
| १. | वारसी कन्स्ट्रक्सन | ९,१०,५३२/०० | योजना शाखा |
| २. | विशाल निर्माण सेवा | ९,३३,४२९/०० | योजना शाखा |
| ३. | मिदास लेड एण्ड इलेक्ट्रोनिक्स | ९९,९२९/०० | जिन्सी शाखा |
| ४. | एप्पल लाइट एण्ड इलेक्ट्रिकल्स | ९१,६६५/०० | जिन्सी |
| ५. | युन एन वे ट्रेड प्रा.ली. बिल नं. १६४ | ९९,९९९/०० | जिन्सी |
| ६. | माँ जनरल अर्डर सप्लायर्स | ९९,९९९/०० | जिन्सी |
| ७. | युन एन वे ट्रेड प्रा.ली. बिल नं. १५४ | ७९,६५५/०० | जिन्सी |
| ८. | युन एन वे ट्रेड प्रा.ली. बिल नं. १५६ | ७९,६५५/०० | जिन्सी |
| ९. | नव चौधरी सप्लायर्स | ५०,९६३/०० | जिन्सी |
| १०. | जय जनरल अर्डर सप्लायर्स बिल नं. १२०१ | ९९,५३९/०० | जिन्सी |
| ११. | जय जनरल अर्डर सप्लायर्स बिल नं. १२३७ | ८९,५२१/०० | जिन्सी |
| १२. | जय जनरल अर्डर सप्लायर्स बिल नं. १२३४ | ९०,०५७/०० | जिन्सी |

५. भूमिहीन दलित, भूमिहीन सुकम्वासी र अव्यवस्थित बसोवासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचामा निवेदन फाराम भरी वडामा लगत संकलन गर्नका लागि ३५ दिनको सूचनाको समय मिति २०८२/०६/०३ मा समाप्त भएकोले सो समय भित्र संकलन भएका भूमिहीन दलित, भूमिहीन सुकम्वासी र अव्यवस्थित बसोवासीको निवेदन फारामहरु भूमि समस्या समाधान आयोगको कार्यालय रुपन्देहीमा पठाउने निर्णय गरियो ।

६. सिद्धार्थनगर नगरपालिका भित्र कोइला/गिट्टि/बालुवा/मिस्कट/माटो डम्प गरी (थुपारी) राखी तहाँबाट ब्यापार व्यवसाय गर्ने व्यक्ति तथा फर्महरुलाइ कर लगाउन पर्ने देखिएको हुँदा नगरपालिकामा गठित राजश्व परामर्श समिति मार्फत कर निर्धारण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न सो समितिलाई निर्देशन दिने निर्णय गरियो ।

७. नेपालीहरुको महान पर्व बिजया दशमी तथा शुभ दिपावली र छठपर्वलाइ मध्यनजर गरी सडक वत्ती तथा फोहोरमैला व्यवस्थापनलाइ बिशेष प्राथमिकताका साथ गर्ने गराउने निर्णय गरियो ।

८. नगर विकास कोषको च.नं. ३५३ मिति २०८२/०५/२३ को पत्रानुसार यस नगरपालिकामा शहरी उत्थानशिलता तथा जिवनयापन सुधार आयोजना (Urban Resilience and Livability Improvement Project-URLIP) अन्तर्गत Drainage, Road, Footpath आयोजनाका लागि नगर विकास कोषबाट उपलब्ध हुने ऋण लगानीका लागी यस नगरपालिका र नगर विकास कोष बिच ऋण सम्झौता गर्ने निर्णय गरियो ।